बरियारपट्टी गाउँ कार्यपालिकाको कार्यालय बरियारपट्टी, सिरहा प्रदेश नं. - २ नेपाल

आज मिति २०७७ साल असोज १९ गते सेमबारका दिन दिउसो १:०० बजे यस बरियारपट्टी गाउँ कार्यपालिकाको अध्यक्ष श्री सन्तोष कुमार महतोज्युको अध्यक्षतामा बसेको बैठकमा तपसिलको महानुभावहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| १. | अध्यक्ष - | श्री सन्तोष कुमार महतो - |
| २. | उपाध्यक्ष - | श्री रेखा कुमारी यादव |
| ३. | वडा अध्यक्ष वडा नं. १ - | श्री नेवालाल यादव |
| ४. | वडा अध्यक्ष वडा नं. २ - | श्री विजय कुमार महतो |
| ५. | वडा अध्यक्ष वडा नं. ३ - | श्री अनन्त लाल यादव |
| ६. | वडा अध्यक्ष वडा नं. ४ - | श्री नबिन कुमार यादव |
| ७. | वडा अध्यक्ष वडा नं. ५ - | श्री ममता कुमारी यादव |
| ८. | कार्यपालिका सदस्य - | श्री सरोज देवी राय |
| ९. | कार्यपालिका सदस्य - | श्री रिता देवी चमार |
| १०. | कार्यपालिका सदस्य - | श्री शान्ति देवी मण्डल |
| ११. | कार्यपालिका सदस्य - | श्री चन्दन कुमार सिंह |
| १२. | कार्यपालिका सदस्य - | श्री सुरेन्द्र ठाकुर |
| १३. | सदस्य सचिब - | श्री रंजित जंग अधिकारी |

प्रस्ताव नं. १ :- भौतिक उपस्थिती अधारीत बिद्यालयमा पठनपाठन नगर्ने/नगराउने सम्बन्धमा ।

प्रस्ताव नं. २ :- स्थानिय राजश्व परामर्श समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ३ :- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा ।

निर्णय नं. १ :-

प्रस्ताब नं. १ माथि छलफल गर्दा हाल देश ब्यापी रुपमा बृद्धि भइरहेको कोरोना भाइरस कोभिड-१९ को संक्रमणवाट यहाँको समुदाय उच्च जोखिममा पर्न सकिने अवस्था भएकोले बिद्यार्थी सिकाई सहजिकरण निर्देशिका २०७७ को दफा ३३ को २ बमोजिम यस गा.पा. क्षेत्र भित्र संचालित सबै बिद्यालय कक्षा ६ देखि १२ सम्मको कक्षाहरु मिति २०७७/०६/१५ गते देखि संचालन भएकोमा अब उपरान्त DCMC सिरहाको मिति २०७७/०६/१९ गतेको निर्णयानुसार भौतिक उपस्थिती अधारीत बिद्यालयमा पठनपाठन नगर्ने/नगराउने समाजिक संजालमा आएकोले मितिः २०७७/०६/२० गते देखि अर्को सुचना प्रकाशन नहुनजेल सम्म पठनपाठन पुर्ण रुपले बन्द गर्ने निर्णय गरियो साथै बिद्यालयबाट कार्ययोजना लिई वैकल्पिक शिक्षण सिकाई क्रियाकलाप गर्ने/गराउने निर्णय सर्व सम्मतीवाट पारित गरियो । यस निर्णयको पत्राचार शिक्षा शाखाले गर्ने ।

निर्णय नं. २ :-

प्रस्ताब नं. २ माथि छलफल गर्दा स्थानिय राजश्व परामर्श समितिमा देहाय बमोजिमको पदाधिकारी रहने गरि समिति गठन गर्ने निर्णय गरियो ।

श्रीमती रेखा कुमारी यादव - संयोजक

श्री रंजित जंग अधिकारी - सदस्य

श्रीमती शान्ति देवी मण्डल - सदस्य

श्री चन्दन सिंह - सदस्य

श्री चन्देश्वर यादव - सदस्य

श्री वेचन राय - सदस्य सचिव

निर्णय नं. ३ :-

प्रस्ताब नं. ३ माथि छलफल गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति देहाय बमोजिमको पदाधिकारी रहने गरि समिति गठन गर्ने निर्णय गरियो ।

श्री संतोष कुमार महतो - संयोजक

श्री रेखा कुमारी यादव - सदस्य

श्री ममता कुमारी यादव - सदस्य

श्री नविन कुमार यादव - सदस्य

श्री विजय कुमार महतो - सदस्य

श्री सुरेन्द्र ठाकुर - सदस्य

श्री रंजित जंग अधिकारी - सदस्य सचिव